खानेपानी उपभोक्ता तथा सरसफाई समिति

# विधान २०७८

.............................................

.............................................

**...................... खानेपानी उपभोक्ता तथा सरसफाई समितिको**

**विधान २०७८**

**प्रस्तावना :**

नेपाल अधिराज्यको गण्डकी प्रदेश बागलुङ जिल्ला निसिखोला गाउँपालिका वडा नं. ........... मा रहेको ................... .............. मा रहेको मुहानको खानेपानीको ............... .................. ...................... .................. ......................... गाउँमा लिई स्वाच्छ , सुरक्षित तथा गुणस्तरीय खानेपानी तथा सरफाई सेवा प्राप्त गर्न , नागरिकको मौलिक अधिकारलाई सम्मान गर्न, संरक्षण गर्न र परिपुर्ति गर्नको साथसाथै अन्य दिगो पुर्वाधार विकास कार्यक्रम संचालन गरी समुदायको जिवनस्तरमा सुधार ल्याउनका लागि गाउँस्तरमा नै समुदायलाई संगठित गरेर खानेपानीको व्यवस्थापन मर्मत, संभार तथा सरसफाई र अन्य सकरात्मक विकासको व्यवस्थापन गरेर गाउँघरको स्वस्थ्य खानेपानी , सफा वातावरण कृषि तथा व्यक्तिगत सरसफाईमा सुधार ल्याएर तिनीहरुको जिवनस्तर उठाउने उद्देश्यले गण्डकी प्रदेश बागलुङ जिल्ला निसिखोला गाउँपालिका वडा नं. ........... मा रहेको ..................... ....... मुहान तथा खोला वाट पानी ल्याउनका लागी ......... ..... ................................ ............. .......... गाउँका खानेपानी उपभोक्ताहरुको आपसी सरसल्लाहमा समिति स्थापना तथा दर्ता गर्नको लागि यो विधान वनाई जारी गरीएको छ ।

**परिच्छेद १**

१. **संक्षिप्त नाम र प्रारम्भ :** यस विधानको नाम खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान २०७८ हुनेछ ।

(क) ठेगाना. निसिखोला गाउँपालिका वडा नं. ....... .......................... बागलुङ मा रहने छ ।

(ख) यो विधान “निसिखोला गाउँपालिकाको स्थानिय जलस्रोत ऐन, २०७८ अनुसार यस निसिखोला गाउँपालिकाको कार्यालयमा दर्ता भएको मिति देखी प्रारम्भ भएको मानिने छ ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को नलागेमा यो विधानमा उल्लेख भएको शब्दहरुले निम्न बमोजिमको अर्थ बुझाउने छ ।**

(क) **“विधान”** भन्नाले खानेपानी उपभोक्ता तथा सरसफाई समितिको विधान २०७८ लाई जनाउने छ ।

(ख) **”समिति”** भन्नाले यस विधान बमोजिम गठन भएको खानेपानी उपभोक्ता तथा सरसफाई समिति भन्ने सम्झनु पर्दछ ।

(ग) **“आयोजना क्षेत्र”** भन्नाले आयोजना लागू भई उक्त आयोजनाबाट पत्यक्ष लाभ पुर्‍याउने क्षेत्रलाई सम्झनु पर्छ ।

(घ) **“निवेदक”** भन्नाले मुहान सहित आधिकारि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नका लागी स्थानिय जलस्रोत समितिमा दिईने निवेदनलाई सम्झनु पर्दछ ।

(ङ) **“अध्यक्ष”** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको अध्यक्ष भन्ने जनाउँछ ।

(च) **“उपाध्यक्ष”** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको उपाध्यक्ष भन्ने जनाउँछ ।

(छ) **"कोषाध्यक्ष"** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको कोषाध्यक्ष भन्ने जनाउँछ ।

(ज) **"सचिव"** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सचिव भन्ने जनाउँछ ।

(झ) **"सदस्य"** भन्नाले यो विधान बमोजिम गठन भएको समितिको सदस्य भन्ने जनाउँछ ।

(ञ) **"पदाधिकारी"** भन्नाले यो विधान बमोजिम गठित समितिका सदस्य लगायतका पदाधिकारी जनाउँछ ।

(ट) **"कोष"** भन्नाले समितिले उपभोक्ताहरु बाट आयोजना निर्माण तथा दिगो व्यवस्थापनको लागी संकलन गरेको रकम र आयोजना सम्वन्धि कामको लागि प्राप्त वा अन्य श्रोतहरुबाट प्राप्त रकमलाई जनाउँछ ।

(ठ) **"उपभोक्ता समूह"** भन्नाले खानेपानी आयोजनाबाट ओगट्ने क्षेत्र भित्रको प्रत्येक घरधुरीबाट १८ वर्ष पुरा भएको एक जनाको दरले बनेको उपभोक्ताहरुको समूहलाई जनाउँछ ।

(ड) **"सहल्लाकार समिति"** भन्नाले यस विधान बमोजिम अनुसार खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई आवश्यक परामर्श दिनका लागी गठित समितिलाई जनाउँछ ।

(ढ) **"उपभोक्ता"** भन्नाले खानेपानी आयोजनाबाट ओगट्ने क्षेत्र भित्रको प्रत्येक घरधुरी सम्पुर्ण सदस्यलाई जनाउँछ ।

(ण) **"सहयोगी संस्था "** भन्नाले खानेपानी आयोजना निर्माणका लागी आर्थिक, प्राविधिक वा अन्य कुनै किसिमको सहयोग गर्ने संस्थालाई जनाउँछ ।

## परिच्छेद २
## उपभोक्ता समिति र समूह

**३. समितिको उद्देश्य :** समिति गठन देहाय बमोजिमको उद्देश्यहरु रहनेछन् ।

(क) सम्बन्धित क्षेत्रमा निर्माण हुनलागेको वा सम्पन्न भएको खानेपानी आयोजनाको संरक्षण एवं सम्बर्द्धन गर्ने ।

(ख) आयोजना निर्माण वापत प्राप्त रकमको उचित परिचालन गर्ने ।

(ग) आयोजना निर्माण मर्मत संभार तथा सुचारु रुपले संचालन गर्नको निमित्त उपभोक्ताहरुसंग नियमित रुपमा रकम संचालन गरी समितिको कोषमा जम्मा गर्ने ।

(घ) उपयुक्त एवं भरपर्दो किसिमको खानेपानी तथा सरसफाई आयोजनाको स्थापना, संचालन, मर्मत संभार एवं विकास गर्ने ।

(ङ) आयोजना मर्मत संभार तथा रेखदेखको निमित्त आवश्यक मर्मत संभार कार्यकर्ता राखी र उक्त मर्मत संभार कार्यकतालाई क्षमता अभिवृद्धि गराई नियमित रुपमा आयोजनाको रेखदेर गर्न लगाउने ।

(च) निसिखोला गाँउपालिका र सहयोगी निकायलाई समुदाय परिचालन एवं आवश्यक जनसहभागिताको ब्यवस्था गर्न गराउन सहयोग गर्ने ।

(छ) खानेपानी सम्बन्धी कुनै विवाद आएमा समाधान गर्ने, गराउने ।

(ज) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा जनचेतना अभिवृद्धि गर्ने ।

(झ) आयोजना सम्बन्धी अन्य आवश्यक कार्य गर्ने ।

**४. खानेपानी उपभोक्ता तथा सरसफाई समितिको गठन :**

(क) आयोजना क्षेत्र भित्रका उपभोक्ताहरुको भेलाले सबै घरबाट प्रतिनिधित्व हुने गरी आफुमध्येबाट एक वटा खानेपानी तथा सरसफाई समिति गठन गर्ने छ । सो समितिमा कम्तीमा ३३% महिला समेत बढीमा .......जना सदस्य रहने छन् । यसरी समिति गठन गर्दा सो क्षेत्रका सम्पूर्ण उपभोक्ताहरु मध्ये ६७ प्रतिशत भन्दा बढी घरधुरीका उपभोक्ताहरुको उपस्थितिबाट छनौट् भएको हुनुपर्नेछ । यस खानेपानी प्रणालीको लागि उपभोभक्ता समितिमा ........... जना सम्मको समिति हुनसक्नेछ ।

(ख) यसरी गठित समितिका पदाधिकारीहरु निम्न बमोजिम हुनेछन ।

(१) अध्यक्ष १

(२) उपाध्यक्ष १

(३) कोषाध्यक्ष १

(४) सचिव १

(५) सदस्य वढीमा .......... जना सम्म गरी जम्मा .........जना

(ग) उपभोक्ता समितिको पदाधिकारीहरुको मुख्य पदमा कम्तीमा १ जना महिला अनिर्वाय छनोट् हुन पर्नेछ ।

(घ) उपभोक्ता समितिको पदाधिकारीहरुको पदावधि तिन वर्षको हुने छ र कुनै पदाधिकारी पुन : छनोट् हुन सक्नेछ ।

**५. खानेपानी उपभोक्ता तथा सरसफाई समितिका पदाधिकारीहरुको योग्यता :**

(क) परिपक्व, सक्रिय र समितिको कामको लागि समय दिन सक्ने ।

(ख) विभिन्न उपभोक्ता समूहको प्रतिनिधित्व गर्न सक्ने ।

(ग) उपभोक्ताहरु लाई संगठन गर्न समक्ष भएको ।

(घ) गाउँले वा उपभोक्ताहरुको आदर, विश्वास प्राप्त भएको ।

(ङ) आफ्नो घर आँगन सरसफाई गर्ने बानी भएको, चर्पी बनाउने वा चर्पी बनाउने जोश जाँगर भएको, फोहर मैलाको उचित तरीकाबाट तह लगाउने जस्ता स्वास्थ्य तथा सरसफाईको काममा सधैं अगुवा भै गाउँलेहरुको वीच उदाहरणको रुपमा प्रस्तुत हुन सक्ने ।

(च) तालिममा सहभागी हुन सक्ने र खानेपानी अयोजनाको तर्जुमा, निर्माण कार्य संचालन तथा मर्मत संभारमा निरिक्षण, मूल्याङ्कन तथा अनुगमन जस्ता विभिन्न कार्यका लागि व्यवस्थापन गर्ने जिम्मेवारी वहन गर्नसक्ने ।

(छ) दृश्य वा अदृश्य रुपमा खानेपानी आयोजना वा अन्य ठेकेदारी काममा संलग्न नभएको वा भविश्यमा पनि हुन नहुने ।

(ज) कुनै पनि सरकारी तथा गैर सरकारी निकायमा नोकरी तथा जागिर नभएको ।

(झ) कम्तीमा १८ वर्ष पुरा भएको नेपाली नागरिक हुनुपर्नेछ ।

(ञ) समितिका पदाधिकारीहरु साधारणतया लेखपढ गर्न सक्ने हुनुपर्ने छ ।

**६. समितिका पदाधिकारीहरुको अयोग्ता :**

(क) मानसिक वा शारीरिक रुपले अस्वस्थ्य भएको ।

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएको ।

**७. साधारण सभा तथा तथा उपभोक्ता समूहको काम कर्तब्य र अधिकार :**

(क) आयोजना निर्माण, संचालन र मर्मत संभारकालाई आवश्यक विधान तथा ऐन नियम पारित गरी लागू गराउने ।

(ख) उपभोक्ता समूहको भेलाद्वारा उपभोक्ताहरु मध्येबाट समितिको पदाधिकारीहरुको छनौट् गर्ने ।

(ग) समितिको खर्चको लेखा परिक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

(घ) आयोजनाको आर्थिक श्रोतको आधारमा उपभोक्ता समितिले तयार गरी पेश गरेको वार्षिक आय- ब्ययको अनुमान स्वीकृत गर्ने ।

(ङ) आयोजनाको दिर्घकालीन संचालनका लागि आवश्यक पर्ने काम कार्यवाहीमा समितिलाई सहयोग पुऱ्याउने ।

(च) संस्थाका पदधिकारी वा उपभोक्ता समितिको निर्वाचन गर्ने, निलम्बन गर्ने वा कारबाही गर्ने

(छ) संस्थाको चा.लु बजेट, कार्ययोजना समिक्षा र अनुमोदन गर्ने ।

**८.उपभोक्ता समूहको भेला तथा साधारण सभा :**

(क) साधारणतया उपभोक्ता समूहको भेला कम्तिमा वर्षमा २ पटक हुनेछ ।

(ख) आयोजना क्षेत्रको २० प्रतिशत सदस्यहरुले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा वा समितिका सम्पूर्ण सदस्यको बहुमतले उपभोक्ता समूहको भेला बोलाउन अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र उपभोक्ता समितिको भेला बोलाउनु पर्नेछ ।

(ग) उपभोक्ता समूहको भेला हुने मिति, समय, स्थान अध्यक्षले तोके बमोजिम हुनेछ ।

(घ) उपभोक्ता समूहको भेलाको अध्यक्षतामा समितिको अध्यक्षले, निजको अनुपस्थितमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति रहेमा समितिका सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(ङ) उपभोक्ता समूहको भेला ३ (तीन) दिन अगावै सवै उपभोक्ताहरुलाई भेला हुने स्थान, समय, मिति र सो भेलामा छलफल हुने विषयहरु समेत खुलाई सार्वजानिक रुपमा जानकारी दिईनेछ ।

(च) साधारण सभाको लागि सम्पूर्ण उपभोक्ता संख्याको ५१ प्रतिशत उपस्थितिलाई गणपुरक संख्या मानिनेछ ।

(छ) पहिलो पटक सूचना दिई गराइएको भेलामा बस्दा गणपुरक संख्या नपुग भएमा दोस्रो पटक ३ (तीन) दिनको म्याद दिई भेला हुने पुन : सूचना दिईनेछ ।

(ज) यसरी गणपुरक संख्या नपुगी दोस्रो पटकको सूचना बमोजिम भेला हुँदा कुल उपभोक्ता संख्याको २५ प्रतिशत उपभोक्ताहरुको उपस्थितिलाई गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(झ) अन्यथा उल्लेख भए बाहेक कुनै पनि निर्णय उपस्थित सदस्यको बहुमतबाट गरिने छ ।

(ञ) पहिलो पटकको भेला निसिखोला गा.पा को अग्रगामित्वमा बस्न सक्नेछ ।

(ट) भेलामा संभव भएसम्म सम्वन्धित क्षेत्रको निसिखोला गा.पा/वडा कार्यसमिति सदस्यहरुलाई आमन्त्रित गर्न सकिने छ ।

**९. उपभोक्ता समितिको बैठक :**

(क) उपभोक्ता समितिको बैठक कम्तिमा १ महिनामा १ पटक (वर्षको १२ पटक) बस्ने छ । आवश्यकता अनुसार थप बैठक भेला राख्न सकिने छ ।

(ख) समितिको बैठक अध्यक्षले तोकेको समय, मिति र स्थानमा सचिवले बोलाउनेछ ।

(ग) समितिको बैठकको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थिति रहेमा समितिको बैठकमा उपस्थित सदस्यहरुले आफुमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(घ) समितिको बैठकमा ५१ प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक संख्या मानिने छ ।

(ङ) उपभोक्ता समितिको भेलाको सुचना बैठक वस्नु भन्दा कम्तिमा ३ दिन अगावै समितिका सदस्यहरुलाई दिनुपर्नेछ ।

(च) पहिलो पटक सूचना गरी बसेको उपभोक्ता समितिको बैठकमा गणपुरक संख्या नपुगेमा दोस्रो पटक पुनः ३ ि दनको सूचना गरिनेछ ।

(छ) दोस्रो पटक सूचना गरी बोलाइएको बैठकमा २५ प्रतिशत सदस्यहरुको उपस्थितिलाई गणपुरक मानिने छ ।

(ज) अन्यथा उल्लेख भएबाहेक कुनै पनि निर्णय उपस्थित सदस्यहरुको बहुमतबाट गरिनेछ ।

(झ) बैठक सम्वन्धि अन्य कार्य विधि समिति आफैले निर्धारण गर्नेछ ।

**१०. विशेष भेलाको व्यवस्था :**

३५ प्रतिशत भन्दा वढी सदस्यले अध्यक्ष समक्ष लिखित अनुरोध गरेमा अध्यक्षले ७ दिन भित्र विशेष भेला बोलाईने छ ।

**११. उपभोक्ता समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) उपभोक्ता समूहका भेलाले पारीत गरेको निर्णयहरु निसिखोला गा.पा कार्यालयमा पठाउने र सोको कार्यान्वयन गर्ने, गराउने ।

(ख) समितिको प्रतिनिधित्व गरी आयोजनाको सम्झौता गर्ने ।

(ग) नेपाल सरकार तथा दातृ संस्थाबाट उपलब्ध साधन श्रोतको परिचालनको साथै आयोजनालाई आवश्यक पर्ने स्थानीय श्रोत साधन समेत उपलब्ध गर्न गराउन निसिखोला गा.पा र सहयोगी निकायको कार्यालयलाई सहयोग गर्ने ।

(घ) आयोजनाको निर्माण अवस्था देखिनै व्यवस्थित रुपमा सरसफाई कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(ङ) आयोजना शुरुहुँदा देखिनै आवश्यक मात्रामा जनसहभागिता जुटाउने व्यवस्था मिलाउने ।

(च) मर्मत संभार कोष खडा गर्नको लागि आयोजनाको कुल लागतको १% रकम सम्वन्धित उपभोक्ताहरुबाट संकलन गर्ने ।

(छ) आयोजनाको मर्मत संभार, रेखदेख तथा सुचारुरुपले संचालन गर्नको लागि उपभोक्ताहरुसंग नियमितरुपले प्रत्येक महिनामा रकम संकलन गरी समितिको कोषमा जम्मा गर्ने ।

(ज) आयोजनाको मूल, जग्गा तथा पाइप लाइन सम्बन्धि वा अन्य कुनै कुराको विवाद उठेमा सोको सामाधान गर्ने र सो को जानकारी निसिखोला गा.पा र सहयोगी निकायको कार्यालय मा दिने ।

(झ) आयोजना सुचारुरुपले सञ्चालन गर्न तथा रेखदेख गर्नको लागि आवश्यक संख्यामा मर्मत संभार कार्यकर्ताको छनौट गर्ने र निजको पारिश्रमिक तोक्न तथा सो को जानकारी निसिखोला गा.पा र सहयोगी निकायको कार्यालय मा दिने ।

(ञ) समितिले आफ्नो कार्य नियमित एवं सुचारुरुपले संचालन गर्न आवश्यकता परेमा आफ्नो मातहतमा उपसमिति गठन गर्न सक्नेछ ।

(ट) आयोजना हस्तान्तरण भैसकपछि थप धाराहरुको माग भई आएमा पानीको श्रोत पर्याप्त भै पानी संचालनमा कुनै बाधा नपर्ने भएमा समितिको भेलाबाट निर्णय गराई निसिखोला गा.पा बाट स्वीकृति लिई थप धारा दिन सक्नेछ ।

(ठ) आयोजनाको हानी नोक्सानी गर्ने व्यक्तिलाई उचित कार्यकाही गर्ने र दण्ड जरीवाना तोक्ने ।

(ड) आयोनजामा प्राकृतिक प्रकोप जस्तैः भूकम्प, वाढी पहिरो आदिले क्षती गरेमा मर्मत संभार गर्न सोको निसिखोला गा.पा र सहयोगी निकायलाई जानकारी दिने र समितिले गर्न नसक्ने भएमा पुनः निर्माणका लागि निसिखोला गा.पा र सहयोगी निकायको कार्यालयमा रितपूर्वक माग गर्ने ।

(ढ) स्वास्थ्य तथा सरसफाई बारे उपभोक्ताहरुलाई सचेत गराउने तथा सो बारे जनचेतना अभिवृद्धि गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।

(ण) फोहर फाल्ने खाडल, चर्पी आदि आयोजना क्षेत्रका घर परिवार तथा सार्वजनिक स्थलहरुमा बनाउने तथा बनाउन लगाउने ।

(त) मर्मत कार्यकर्ता एवं स्वयंसेवक तथा स्वयंसेवीकाहरुको सहयोगबाट खानेपानी प्रणालीको संचालन संभारको सथै स्वास्थ्य शिक्षा, सरसफाई एवं वातावरण संरक्षण अभियान सुचारुरुपले संचालन गर्ने तथा चालु राख्ने ।

(थ) आय-ब्ययको हिसाव राम्रोसंग राखी वार्षिक रुपमा लेखा परिक्षण गराउने र सो को अनुमोदन लागि उपभोक्ता समूहको भेलामा राख्ने र त्यसको जानकारी निसिखोला गाउँपालिकालाई पठाउने ।

(द) समितिको कोष ब्यवस्थित बनाउन बैंकमा खाता खोली रकम जम्मा गर्ने र आवश्यक परेको बेलामा समितिबाट पासगराई झिक्ने ।

(ध) समितिको कुनै पद रिक्त हुन आएमा उपभोक्ता समूहको भेला नभएसम्मका लागि उपभोक्ता समूह मध्येबाट समितिको भेलाले त्यस्तो पदमा मनोनित गर्ने र पछि उपभोक्ता समूहको भेलाबाट सोको अनुमोदन गराउने ।

(न) नियमानुसार समितिलाई प्रत्येक वर्ष नविकरण गराउने ।

(प) समिति वा स्थानीय उपभोक्ता बाट गराउने भनि मन्जुर गरिएको काम प्रत्यक्ष वा अप्रत्यक्ष तवर ले अन्य ठेकेदारबाट गर्न वा गराउन पाईने छैन् ।

(फ) यी माथी उल्लेख गरिएको बाहेक समितिको अन्य काम कर्तव्य र अधिकार उपभोक्ता समूहको भेलाले निर्धाण गरे बमोजिम हुनेछ ।

**१२ पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार :**

१२.१ **अध्यक्ष** : अध्यक्षको काम,कार्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) उपभोक्ता समूह र उपभोक्ता समितिको भेलाको अध्यक्षता गर्ने, प्रत्येक निजी वा सार्वजानिक धाराबाट पानी महसुल संकलन गर्ने र सो रकम कोषमा बांधी आयोजना संचालन तथा संभार कार्यमा प्रयोग गर्ने ।

(ख) उपभोक्ता समूह र उपभोक्ता समितिको भेला हुने मिति, समय र स्थान तोक्ने आयोजना निर्माण मर्मत अवधिमा उ.स.ले गरेको कार्यको निसिखोला गाउँपालिका र अन्य सहयोगी निकायबाट भएको भुक्तानी तथा निर्माण सामाग्री, कार्यमा संलग्न कामदारहरुको पुरा तथा आंशिक ज्याला भुक्तानी तथा जनश्रमका छुट्टा-छुट्टै विवरण राख्ने तथा निसिखोला गाउँपालिका र सहयोगी निकायबाट .बाट निकासा भएको रकम कोषमा जम्मा गर्ने र भुत्तानी दिनुपर्नेमा भुत्तानी दिने ।

(ग) आयोजना समितिको भेलामा मत बराबर भए निर्णायक मत दिने ।

(घ) आयोजना बारे दैनिक जानकारी राख्ने ।

(ङ) समय समयमा निसिखोला गाउँपालिका र सहयोगी निकायको .कार्यालयलाई आयोजनाको अवस्था बारेमा जानकारी गराउने ।

(च) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धि जानकारी लिने दिने र भेलालाई

१२.२ **उपाध्यक्ष** : उपाध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको सम्पूर्ण कार्य गर्ने ।

(ख) अध्यक्षलाई कार्य सम्पादनमा सहयोग पुर्‍याउने ।

(ग) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायीत्वको लागि विभिन्न कार्य गर्ने ।

१२.३ **कोषाध्यक्ष** : कोषाध्यक्षको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) अध्यक्षको निकटतम सम्पर्कमा रही कार्य गर्ने ।

(ख) समितिको नाममा जम्मा हुन आएको चल-अचल, नगद, जिन्सी आदि सम्पत्तीको जिम्मा लिई त्यसको हिसाव किताव तथा श्रेस्ता अध्यावधिक राख्ने ।

(ग) समितिको आर्थिक कारोबारको रेखदेख र नियन्त्रण गर्ने ।

(घ) प्रत्येक आम्दानी र खर्चको फाँटवारी तयार गरी दुरुस्त राख्ने ।

(ङ) प्रत्येक वर्ष कम्तीमा वर्षको एक पटक उपभोक्ता समूहको भेलामा आयोजनाको आम्दानी र खर्चको विवरण जानकारी गराई खर्चको अनुमोदन गराउने ।

(च) अध्यक्षसंगको संयुक्त दस्तखतमा बैंकमा समितिको खाता खोली संचालन गर्ने ।

(छ) खानेपानी तथा सरसफाई आयोजना संचालनमा नियमानुसार उपभोक्ता समितिको दायित्व पूरागर्न श्रोत परिचालन गर्ने काम लगायत अन्य काममा अध्यक्षलाई सहयोग र सल्लाह दिने ।

(ज) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्वन्धि समय समयमा जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

(झ) अन्य आवश्यक तोकिएको काम गर्ने ।

१२.४ **सचिब** : सचिवको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समितिको निर्णय बमोजिम उपभोक्ता समूहको भेला बोलाउने ।

(ख) अध्यक्षको आदेश बमोजिम उपभोक्ता समितिको भेला बोलाउने ।

(ग) उपभोक्ता समूह र समितिको भेलाको छलफल तथा निर्णयको अभिलेख राख्ने ।

(घ) उपभोक्ता समूह र उपभोक्ता समितिको भेलाको निर्णयहरुको प्रमाणित गर्ने ।

(ङ) उपभोक्ता समितिको तर्फबाट भेलामा समितिको वार्षिक प्रतिवेदन पेश गर्ने ।

(च) विधान नीति र निर्णय अनुरुप उपभोक्ता समितिको तर्फबाट लेखा पढी गर्ने ।

(छ) आफ्नो समूहका उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्वन्धि जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

(ज) उपभोक्ताहरुको हितलाई ध्यानमा राखी अध्यक्षले तोकेको वा निजको अनुमति लिई अन्य आवश्यक कार्य गर्ने ।

१२.५ **सदस्य** : सदस्यहरुको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) समितिको भेलामा सक्रिय रुपले भाग लिने ।

(ख) अध्यक्षको निर्देशानुसार आयोजनाको स्थायीत्वको निमित्त कार्य गर्ने ।

(ग) आफ्नो समूहको उपभोक्ताहरुसंग सम्पर्क राखी आयोजना सम्बन्धी जानकारी लिने दिने र भेलालाई जानकारी गराउने ।

(घ) आयोजना सम्बन्धी कुनै समस्या आइपरेमा उचित तवरले समाधान गर्न प्रयत्न गर्ने ।

(ङ) समिति र उपभोक्ता समूहको भेलाले निर्णय गरेको कुराहरु कार्यान्वियन गर्न सहयोग गर्ने ।

१२.६ **सल्लाहकारको ब्यवस्था**

उपभोक्ताहरुको भेलाले सम्बन्धित आयोजना भित्रका उपभोक्ताहरु वा आयोजना भित्रका उपभोक्ताहरु नभएको तर गाउँको प्रतिष्ठित व्यक्तिहरुसंग सल्लाह लिन आवश्यक ठानेर राख्न चाहेमा बढीमा ३ जनासम्म सल्लाहकार राख्न सक्नेछन् तर यस्ता सल्लाहकारहरुको निर्णय गर्ने अधिकार भने हुने छैन ।

## परिच्छेद ३

## कोषको व्यवस्था

**१३ कोषको व्यवस्था :**

समितिको कोषको श्रोत देहाय बमोजिम हुनेछ

(क) समितिको कुनै श्रोतबाट प्राप्त चन्दा, पुरस्कार, आर्थिक सहायता तथा अनुदान ।

(ख) दण्ड-जरीवानाबाट उठेको रकम ।

(ग) समितिले प्राप्त गरेको ऋण ।

(घ) उपभोक्ताहरुबाट उठाइएको पानी महशुल बचत भएको रकम वा अन्य श्रोतवाट प्राप्त रकम ।

(ङ) मर्मत संभार कोष,सदस्यता शुल्क, निर्वाचन शुल्क, निलम्बन शुल्क,कारबाही, नयाँ धारा जडान लगायत आदी

**१४. मर्मत संभार कोष (अक्षय कोष) :**

(क) आयोजनाको कूल लागतको १% प्रतिशत रकम उपभोक्ताबाट संकलन गरी एक मर्मत संभार कोष खडा गरिने छ ।

(ख) यो कोषको रकम मुद्दती खातामा राखी यसको ब्याजबाट आएको रकम साधारण कोषमा दाखिला गरी अत्यावश्यक भएमा मर्मत संभारको लागि झिक्न सकिने छ ।

### १५. सदस्यता शुल्क

१. जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरे बापत निर्धारित सेवा शुल्क आफ्नो उपभोक्ता संस्थालाई बुझाउनु निजहरुको दायित्व हुनेछ ।

२. सम्पुर्ण उपभोक्ता समुहहरुले आफ्नो खानेपानी तथा सरसफाई उपभोक्ता समितिको वा संस्थाको कार्यालयमा निवेदन दिई साधारण सदस्यता लिनुपर्नेछ । यो सदस्यता एक पटक लिईसकेपछि पुर्ण अर्को पटक लिनुपर्नेछैन ।

३. साधारण सदस्यता शुल्क ................लाग्नेछ । उक्त साधारण शुल्कमा कुनै परिर्वतन गनुपरेमा उपभोक्ता समुहको साधारण सभाले उक्त थपगट गर्न सक्नेछ ।

४. सधारण सभा हुदा तथा सेवा शुल्क निधारण गर्दा निसिखोला गाउँपालिका र सहयोगी निकायलाई जानकारी गराउनु पर्नेछ ।

५. सदस्यता शुल्क सम्बन्धी अन्य नियम उपभोक्ता समितिको निर्णय बमोजिम हुनेछ ।

### १६. हक दावी ,नामासारी वा हकवालाको मनोनयन

१. सम्पुर्ण उभोक्ताहरुले आफ्नो घरमा धारा जडान गर्न , वा जडान भइसकेपछि उक्त व्यक्तिको शेस पछि वा घर तथा धारा विक्रि भएपछि हक दावी, नामसारी वा हकवालाको मनोनयन दर्ता गर्न पाउनेछन ।

२. उपभोक्ताले आफ्नो खानेपानी तथा सरसफाई उपभोक्ता समितिको वा संस्थाको कार्यालयमा निवेदन दिई आफ्नो धारा आफ्नो नाममा नामसारी गर्न सक्नेछन ।

३ उपनियम २ बमोजिम नामसारी गर्दा ..............शुल्क लिई सम्बन्धीत व्यक्तिको नाममा उपभोक्ता समिति वा संस्थाले नामसारी गरिदिनु पर्नेछ ।

४. उपनियम ३ बमोजिमको शुल्कमा थपगट वा परिवर्तन गर्नु परेमा उक्त शुल्क उपभोक्ता समुहको साधारण सभा तथा आम भेलाको निर्णयबाट थपगट गर्न सक्नेछ ।
५. सधारण सभा हुदा तथा सेवा शुल्क निधारण गर्दा निसिखोला गाउँपालिका र सहयोगी निकायलाई जानकारी गराउनु पर्नेछ ।
६. हक दावी, नामसारी वा हकवालाको मनोनयन सम्बन्धी अन्य नियम तथा शुल्क उपभोक्ता समितिको निर्णय बमोजिम हुनेछ ।

## १७. सञ्चालक समितिको गठन तथा निर्वाचन सम्बन्धी

**१.** सञ्चालक समिति वा उपभोक्ता समितिको कार्यकाल गठन वा निर्वाचन भएको मितिले ३ वर्षको हुर्नेछ ।

**२.**सञ्चालक समिति वा उपभोक्ता समितिको कार्यकाल समाप्त हुने मिति अगावै अर्को निर्वाचन गर्नुपर्नेछ ।

३. दफा १५ बमोजिम सदस्यता शुल्क तिरी सदस्यता लिएका व्यक्तिहरु निर्वाचन मतदाता तव उम्मेरद्धार हुर्नेछन ।

३. निर्वाचन सम्बन्धी अन्य व्यवस्था यस नियमको दफा ४ र निसिखोला गाउँपालिकाको स्थानिय जलस्रोत ऐन २०७८ बमोजिम हुर्नेछ ।

## १८. महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी

१. जलस्रोतको उपयोगबाट उपलब्ध सेवा उपयोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरे बापत निर्धारित सेवा शुल्क आफ्नो उपभोक्ता संस्थालाई बुझाउनु निजहरुको दायित्व हुनेछ ।
२. महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी निर्णय गर्दा उपभोक्ता समितिले आयोजना सम्पन्न गरी निजि धारामा पानी वितरण गर्नुअघि साधारण सभा वा आम भेला बाट महशुल निर्धारण तथा सेवाशुल्क निर्धारण गर्नुपर्नेछ । उक्त महशुल निर्धारण तथा सेवाशुल्क थपगट वा परिवर्तन गर्नु परेमा उपभोक्ता समुहको साधारण सभा तथा आम भेलाबाट थपगट गर्न सक्नेछ ।
५. सधारण सभा हुदा तथा सेवा शुल्क निधारण गर्दा निसिखोला गाउँपालिका र सहयोगी निकायलाई जानकारी गराउनु पर्नेछ ।
६. महशुल निर्धारण तथा सेवाशुल्क सम्बन्धी अन्य नियम तथा शुल्क उपभोक्ता समितिको निर्णय बमोजिम हुनेछ ।
७. महशुल शुल्क लिनु अगाडी नै प्रत्येक उपभोक्ता सदस्यलाई पासवुक उपलब्ध गराउनु पर्नेछ ।

**१९. साधारण कोष (बचत/चालुखाता) :**

(क) आयोजनाको कार्य संचालनको लागि मर्मत संभार कोषको ब्याजबाट प्राप्त रकम तथा पानी महशुल उठाई प्राप्त गरेको रकम लगायत अन्य श्रोतबाट प्राप्त सबै रकम जम्मा गरी एक साधारण कोष खडा गरिने छ ।

(ख) समितिको तर्फबाट गरिने सबै खर्च यसै कोषबाट ब्यहोरिने छ ।

(ग) यो कोषको संचालन उपभोक्ता समितिको अध्यक्ष र कोषध्यक्षको संयुक्त हस्ताक्षरबाट हुनेछ ।

**२०. चल, अचल सम्पत्ती :**

उपभोक्ता समिति एक आधिकारिक संस्था भएको हुँदा आयोजना निर्माण हुनु अघि र पछि समितिको नाममा प्राप्त सबै प्रकारको चल अचल सम्पत्ती उपर समितिको स्वामित्व हुनेछ । त्यस्ता सम्पत्तीको रेखदेख गर्नु दायित्व हुर्नेछ ।

**२१. लेखा परिक्षण :**

**क. सार्वजनिक लेखा परिक्षण**

**१.** आय व्ययको सम्पुर्ण हिसाव उपभोक्ता समितिले आफ्नो साधारण सभामा अनिवार्य रुपमा सार्वजनिक लेखा परिक्षण गर्नु पर्नेछ ।

. **२** आय व्ययको सर्न्दभमा सोधिएका प्रश्नको जवाफ दिनु उपभोक्ता समितिको कर्तव्य हुर्नेछ ।

**ख. लेखा परिक्षण**

(१) समितिको खर्चको लेखा परिक्षण प्रत्येक आर्थिक वर्षको ९० दिन भित्र वा आश्विन महिना भित्र उपभोक्ता समितिको भेलाले नियुक्त गरेको लेखा परिक्षकबाट गराईने छ ।

(२) लेखा परिक्षणको प्रतिवेदन साधारण सभा बाट अनुमोदन गराउनु पर्नेछ ।

(३) लेखा परिक्षणको प्रतिवेदनको एक प्रति अनिवार्य रुपमा निसिखोला गाउँपालिकामा पठाइनु पर्नेछ ।

## परिच्छेद ४
## विविध

**२२. अविश्वासको प्रस्ताव :**

(क) समितिको कुनै वा सबै पदाधिकारी विरुद्ध पद अनुसारको आचरण नगरेको भनी उपभोक्ता समूहका २५ प्रतिशतले लिखित निवेदन समितिमा दर्ता गरेमा अध्यक्षले निवेदन दर्ता भएको ७ दिन भित्र उपभोक्ता समूहको भेला बोलाउनेछ र सो भेलामा खानेपानी आयोजनाबाट लाभान्वित हुने कम्तीमा ५१ प्रतिशत घर धुरी संख्याको सदस्य उपस्थित हुनु पर्नेछ । यसरी उपस्थित सदस्यको २/३ बहुमतले सो प्रस्ताव पारित गरेमा निज पदाधिकारी आफ्नो पदबाट हट्नेछ ।

(ख) तर उपभोक्ता समूह वा समितिले अविश्वासको प्रस्ताव राखेको त्यस्तो पदाधिकारीलाई आफ्नो सफाई पेश गर्ने मौका दिईनेछ ।

**२३. सदस्यबाट मुक्त हुने अन्य अवस्था :**

(क) मृत्यु भएमा ।

(ख) बसाई सरी अन्यत्र गएमा ।

(ग) कुनै पदाधिकारी आफ्नो पदबाट चाही अध्यक्ष समक्ष राजीनामा पेश गरेमा तथा त्यस्तो राजीनामा समितिको बहुमतबाट स्वीकृत भएमा ।

(घ) कुनै पदाधिकारी मनासिव कारण नदेखाई विना सूचना लगातार ४ पटक सम्म समितिको भेलामा अनुपस्थित भएमा त्यस्तो पदाधिकारीलाई समितिको निर्णय अनुसार पदबाट मुक्त गर्न सकिनेछ ।

(ङ) मानसिक असन्तुलन भएमा वा बहुलाएमा ।

**२४. समिति भङ्ग हुन सक्ने अवस्था :**

उपभोक्ता समूहको भेलामा उपस्थित ५१ प्रतिशत भन्दा वढी घरधुरी संख्याको उपभोक्ताहरु मध्ये दुइ तिहाइ उपभोक्ताहरुको सहमतिबाट समितिले राम्रो काम गरेको छैन भन्ने ठानेर हालको उपभोक्ता समिति भंग गर्ने निर्णय गरेमा त्यस्तो समिति भंग हुनेछ । तर आयोजनाको काममा बाधा पर्न नदिन तुरुन्त सोहि भेलाले अर्को समिति गठन गर्नु पर्नेछ ।

**२५. विधान संशोधन तथा नियमावली तर्जुमा :**

(क) यस विधानका दफाहरु आवश्यकता अनुसार संशोधन गर्नु परेमा समितिले संशोधन गरी उपभोक्ता समूहको भेलाद्वारा अनुमोदन गराउनुपर्नेछ । यसरी उपभोक्ता समूहको बहुमतले पारीत गरेको संशोधन सम्वन्धि प्रस्ताव निसिखोला गाउँपालिकाको कार्यालयको स्वीकृति भएको मिति देखी लागु हुनेछ ।

(ख) समितिले यो विधान बमोजिमको उद्देश्य प्राप्त गर्न अन्य नियम आफै बनाउन सक्नेछ ।

(ग) यो विधान प्रारम्भ हुँदा बहाल रहेको समिति यसै विधान बमोजिम गठन भएको मानिने छ ।

## २६.दण्ड जरिवाना सम्बन्धी

१. साधारण किसिमको दण्ड जरिवाना उपभोक्ता समितिले उपभोक्तालाई उपलव्ध गराएको महशुल कार्ड तथा पासवुकमा उल्लेख भए बमोजिम हर्नुछ ।

२. पासवुक तथा महशुल कार्ड तयार नभएसम्मा उपभोक्ता समितिको निर्णय बमोजिम हुर्नेछ ।

३. साधारण किसिमको दण्ड जरिवाना बाहेकको दण्ड जरिवाना भएमा उपभोक्ता समितिको निर्णय बमोजिम , निसिखोला गाउँपालिकाको जलस्रोत ऐन २०७८ र नेपाल सरकारको प्रचलित कानुन बमोजिम हुर्नेछ ।

## २७.संस्थागत क्षमता अभिवृद्धि सम्बन्धी तालिम

**:(१)** खानेपानी आयोजना निर्माण पहिला, निर्माणको क्रममा र निर्माण पछिको समयमा उक्त खानेपानी संस्थाको संस्थागत क्षमता अभिवृद्धिका लागी सो संस्थाका पदाधिकारीहरु , कर्मचारी तथा मर्मत संभार कार्यकर्तालाई अनिवार्य रुपमा तालिमको व्यवस्था गर्नुपर्नेछ । सो तालिमको तालिम निर्देशिका पुस्तिका निसिखोला गाउँपालिकाले तयार गरे बमोजिम हुर्नेछ ।

(२) उपनियम (१) बमोजिमको तालिमको प्रत्येक वर्षमा समिक्षा गर्नुपर्नेछ ।

(३) उपनियम १ र २ बमोजिमको तालिमको आयोजना सम्बन्धीत उपभोक्ता समिति वा संस्थाले गर्नुपर्नेछ । सो तालिमका लागि प्रशिक्षक आवश्यक भएमा गाउँपालिका संग माग गर्न सक्नेछन ।

(४) उपदफा १ बमोजिको तालिम संचालन गर्दा तालिममा सहभागीहरुले खाजा नास्ता र स्टेशनरी खर्च बाहेक अरु कुनै किसिमको भत्ता सेवा सुविधा उपलब्ध हुने छैन

**२८. खारेजी बचाऊ :**

(क) यो विधान पारित भई लागू हुनु अगाडी उपभोक्ता समितिको भेला बाट निर्णय भई सम्पादन भएका कार्यहरु यसै विधान बमोजिम भए गरे सरह मानिनेछ ।

(ख) यस विधान अर्न्तगत गठित उपभोक्ता समिति आयोजना संचालन रहने अवधि भर कायम रहनेछ ।

(ग) कुनै परिस्थितिमा समिति कायम रहन नसक्ने अवस्था आइपरेमा समितिको सम्पूर्ण चल अचल सम्पत्ति निसिखोला गाउँपालिका तथा नेपाल सरकारको हुनेछ ।

(घ) यस विधानमा नभएको “निसिखोला गाउँपालिकाको स्थानिय जलसोत ऐन, २०७८ मा बाँझिएमा सोहि बमोजिम, प्रचलित नेपाल कानून संग बांझिएको हकमा प्रचलित नेपाल कानून बमोजिम र अरु कुराको हकमा यसै विधान बमोजिम हुनेछ ।

**२९ उपभोक्ता समितिको छाप**

१. ..........................................................................................

२. ..........................................................................................

**मिति :–** **को भेलाले निर्वाचन गरेको**

**कार्य कारिणी समितिको नामावली**

| क.सं. | नाम, थर | पद | ठेगाना | पेशा | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |
| ५ | | | | | |
| ६ | | | | | |
| ७ | | | | | |
| ८ | | | | | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |

इतिसम्बत् २० साल गते रोजमा

शुभम् ।

श्री अध्यक्ष ज्यू,

…………

……………. ….।

महोदय,

हामीले नामको उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले "निसिखोला गाउँपालिकाको स्थानिय जलस्रोत ऐन, २०७८ बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको १ प्रति विधान र २०० रुपैया दस्तुर सहित दरखास्त दिएका छौं ।

**विवरण :-**

**१. संस्थाको नाम :-**

**२. कार्यक्षेत्र :**

**३. उद्देश्यहरु :**

क) सम्बन्धित क्षेत्रमा निर्माण हुन लागेको वा सम्पन्न भएको खानेपानी आयोजनाको संरक्षण एवं सम्बर्द्धन गर्ने ।

ख) आयोजना निर्माण वापत प्राप्त रकमको उचित परिचालन गर्ने ।

ग) आयोजना निर्माण मर्मत सम्भार तथा सुचारु रुपले संचालन गर्नको निमित्त उपभोक्ताहरुसंग नियममित रुपमा रकम संचालन गरी समितिको कोषमा जम्मा गर्ने ।

**४. सदस्यहरुको नाम :**

| क्र.सं. | नाम, थर | प्द | ठेगाना | पेशा |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |

**५. उपयोग गरिने जलश्रोतको चार किल्लाको विवरण :**

क)

ख)

ग)

घ)

**६. उपभोक्ता संस्थाले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरण :**

क)

ख)

ग)

घ) -

**७. आर्थिक श्रोतका विवरण :**

**८. कार्यालयको ठेगाना :**

**निवेदक,**

उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेको

सही :

नाम :

पद :